वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
Lawyers forum for human rights and rule of law

प्रेस नोट

मितिः २०६९।८।२७

# पत्रकार डेकेन्द्रराज थापाका हत्यारामाथि कारबाही गर्न रिट दर्ता

सशस्त्र युद्वका क्रममा तत्कालिन नेकपा माओवादीबाट हत्या गरिएका दैलेखका पत्रकार डेकेन्द्रराज थापाको हत्यामा संलग्नमाथि अनुसन्धान गरी कारबाही गर्न माग गर्दै आज पुनरावेदन अदालत सुर्खेतमा रिट दायर गरिएको छ ।

नेपाल पत्रकार महासंघको सक्रियता तथा एड्भोकेसी फोरमको कानुनी सहयोगमा पत्रकार थापाकी श्रीमती लक्ष्मीले आज पुनरावेदन अदालतमा रिट दायर गर्नुभएको हो । रिटमा जिल्ला प्रहरी कार्यालय दैलेख र जिल्ला सरकारी वकिलको कार्यालय दैलेखलाई विपक्षी बनाइएको छ ।

थापा परिवारले हत्याराहरुमाथि कानुनी कार्वाही गरीपाउँ भनी २०६५ साल भदौ ६ गते प्रहरी कार्यालय दैलेखमा जाहेरी दर्ता भएको थियो । तर, ४ बर्षसम्म प्रहरीले अनुसन्धान प्रहरी अगाडि नबढाएपछि अदालतको ढोका ढक्ढकाउन बाध्य भएको डेकेन्द्रकी श्रीमती लक्ष्मीले बताउनुभयो । अपराधीलाई कारबाही नभएसम्म न्यायको लडाईं लडिरहने उहाँको दृढता छ ।

रिटमा तत्काल प्रभावकारी अनुसन्धान गरी दोषी देखिएका व्यक्तिहरु उपर सम्वन्धित कसुर अपराधमा मुद्दा चलाउन तथा पीडित परिवारलाई परिपूरण लगायत प्रभावकारी उपचारअर्न्तगत प्राप्त गर्ने हक प्रदान गर्न परमादेशको आदेश जारी गरी पाऊँ भनी माग दावी गरिएको छ ।

किटानी जाहेरी दर्ता गरेपनि प्रहरीले मुद्दाको अनुसन्धान अधिकृत नतोक्नुका साथै विपक्षी सरकारी वकिल कार्यालयलाई जानकारी नदिएको, सरकारी वकिल कार्यालयले पनि यस सम्बन्धमा कुनै चासो नलिएको र अहिलेपनि अभियुक्तहरु प्रहरी कार्यालयको वरिपरी खुल्लेआम घुमफिर गरिरहेको अधिवक्ता एवं एड्भोकेसी फोरमका मध्यपश्चिम संयोजक बसन्त गौतमले जानकारी दिनुभयो ।

वर्तमान फौजदारी न्याय प्रणाली अर्न्तगत मुद्दाको अनुसन्धान गर्न प्रहरीलाई प्रहरीलाई कुनैपनि कानुनले नरोकेको भन्दै गौतमले मुद्दाको प्रभाबकारी अनुसन्धान गरी पीडितलाई न्याय दिलाउन सबै पक्षको सकारात्मक सहयोग हुनुपर्ने बताउनुभयो ।

२०६१ साल असार १२ गते माओवादी कार्यकर्ताको अपहरणमा परेका पत्रकार थापालाई हात, खुट्टा, दाँत समेत भाचिने गरी चरम यातना दिएर २०६१ साउन २७ गते हत्या गरेका थिए । उहाँको शव दैलेखको द्वारी गाविस वडा नम्बर १ अन्तर्गत पर्ने खोल्सामा गाडिएको अवस्थामा फेला परेको थियो । डेकेन्द्रको हत्यामा संलग्न भन्दै दैलेख कट्टि गाविस १ का बमबहादुर खड्का, लछिराम घर्ति, छिउडी पुसाकोटका केशव खड्का लगायतविरुद्ध पीडित परिवारले किटानी जाहेरी दिएको छ ।

Head Office: Shantiniketan Marg- 94/14, Gairidhara, Kathmandu, P.O. Box: 21798, Tel: 977-1-4004007/8
Fax: 4426698 Email: info@advocacyforum.org.np,
URL: www.advocacyforum.org

नेपालमा हत्या गरिएका पत्रकारहरुको परिवारलाई निरन्तर कानुनी सहायता प्रदान गरिरहेको एड्भोकेसी फोरमकी अध्यक्ष मन्दिरा शर्माले बताउनुभयो । पत्रकारहरुको बढ्दो हत्यालाई गम्भीरताका साथ लिएको भन्दै अध्यक्ष शर्माले हत्यामा संलग्नहरुलाई उन्मुक्ति पाउनुले नेपालमा दण्डहिनताको रुप चरम देखिएको बताउनुभयो । नेपाल पत्रकार महासंघ र पीडित परिवारले चालिरहेको अभियानले एड्भोकेसी फोरमले पनि सहयोग गर्ने उहाँले बताउनुभयो ।

थप जानकारीका लागि :

**बसन्त गौतम, ९८४८०२००२५**
**मन्दिरा शर्मा ९८५१०४८४७५**